# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या ५


**भाग १**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेन्हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको निर्देशिका**

## कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९

कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको तेन्हौं नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम " कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी (पहिलो संशोधन) निर्देशिका २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका २०७५ (यसपछि मूल ऐन भनिएको छ) को बुंदा नं. २.१. मा रहेको "यस निर्देशिकाको दफा १.४. अनुसारका अनुदानग्राहीहरुलाई एक रोगको लागि एक पटक मात्र रु. १०,०००।- अक्षेरेपी दश हजार रुपैयाँ स्वास्थ्य उपचार अनुदान देहायबमोजिम उपलब्ध गराइनेछ" भन्ने वाक्यांशको सट्टा "यस निर्देशिकाको दफा १.४ अनुसारका अनुदानग्राहीहरुलाई एक रोगको लागि एक पटक मात्र रु १५,०००।- अक्षेरेपी पन्ध्र हजार रुपैयाँ स्वास्थ्य

उपचार अनुदान देहाय बमोजिम उपलब्ध गराईनेछ र यसअघि रु. १५,०००।- का दरले स्वास्थ्य उपचार अनुदान दिइएको लाई समेत यसै निर्देशिका बमोजिम गरेको मानिनेछ” भन्ने वाक्यांश राखिएको छ ।

**आज्ञाले**

**(राम गोविन्द श्रेष्ठ)**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।३० गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**